आज मिति २०८१/११/१ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८१/०८२ को एघारौं कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा किरण राई (प्र.प्र.अधिकृत) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |

**प्रस्तावहरुः**

१. गाउँसभा गर्ने सम्बन्धमा ।
२. योजना संशोधन गर्ने सम्बन्धमा ।
३. यातायात व्यवस्थापन शाखा स्थापना सम्बन्धमा ।
४. स्वमूल्याङ्कनको नतिजा प्रकाशन सम्बन्धमा ।
५. गाउँ प्रहरी नियुक्ति सम्बन्धमा ।
६. कर्मचारीलाई जिम्मेवारी दिने सम्बन्धमा ।
७. निर्देशिका/कार्यविधि पास सम्बन्धमा ।
८. प्रदेश योजना आयोगमा योजना माग गर्ने सम्बन्धमा ।
९. जातिए भेषभुषा सम्बन्धमा ।
१०.संघीय विशेष/समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।
११.फागुन १४ गरे विदा तथा कार्यक्रम गर्ने सम्बन्धमा ।
१२.ठेक्काको योजनाको म्याद थप गर्ने सम्बन्धमा ।
१३.अनुमोदन गर्ने सम्बन्धमा ।
१४.लिम्चुङबुङ साँस्कृतिक प्रतिष्ठान गठन
१५.डिजाईन परिवर्तनको लागि शहरी बिकास तथा भवन कार्यालय,विराटनगर संग समन्वय गर्ने सम्बन्धमा ।
१६.नमुना गाउँ अभियान टोल विकासहरुसंग अन्तरकृया कार्यक्रम सञ्चालन सम्बन्धमा ।
१७.ग्रामिण कृषि अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने सम्बन्धमा ।
१८.नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र लिम्चुङबुङ गाउँपालिका विच MOU गर्ने सम्बन्धमा ।
१९.मुर्कुची लिम्चुङबुङ हलेसी पर्यटन पक्की सडक निर्माणको लागि योजना माग गर्ने सम्बन्धमा ।
२०.जिम्मेवारी तोक्ने सम्बन्दमा ।
२१.बाघखोर-लिम्चुङबुङ-हलेसी पदमार्ग निर्माण गर्न योजना माग गर्ने सम्बन्धमा ।
२२. नेपाल हस्तकला महासंघसंघ लिम्चुङबुङ गाउँपालिकाले कपास खेति र खाँडी उद्योग स्थापनाको लागि MOU गर्ने सम्बन्धमा ।
२३. लिम्चुङबुङ गाउँपालिकाको कामकाजको दोस्रो भाषा चाम्लिङ भाषालाई प्रयोगमा ल्याउने सम्बन्धमा ।
२४. गाउँपालिका प्रबक्ता तोक्ने सम्बन्धमा ।
२५.विविध सम्बन्धमा ।
    क. लिम्चुङबुङ व्यज बनाउने सम्बन्धमा ।
    ख. आजको कार्यपालिका वैठक सभामा अनुमोदनको लागि पेश गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस लिम्चुङबुङ गाउँपालिकाको चालु आ.व. १०८१/०८२ को हिउँदे अधिवेशन दोस्रो सभाको सोह्रौं अधिवेशन मिति २०८१/११/२ गते विहानको ठिक ११.०० बजे देखि सञ्चालन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

२. यस लिम्चुङबुङ गाउँपालिकाको चालु आ.व. ०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमहरुको केहि संशोधन गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिम संशोधन गरी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसहमतिका साथ निर्णय गरियो ।

क. वडाहरुकोः वडाहरुको तपसिलक बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

| सि.नं | हालको शिर्षक | परिवर्ति शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष स्वास्थ्य वीमा कार्यक्रम | विपद व्यवस्थापन (१२६०००) | २९६०००।०० बजेट थप गर्ने | वडा नं १ |
| २ | टोल विकास अभिमुखिकरण कार्यक्रम | विपद व्यवस्तापन (२५०००) | | |
| ३ | आगलागी नियन्त्रण सचेतना कार्यक्रम | विपद व्यवस्थापन (२५०००) | | |
| ४ | १२ वटै टोल विकास सहकार्य संस्था विविध कार्यक्रम | विपद व्यवस्थापन (१२००००) | | |
| ५ | कार्यालय व्यवस्तापन | अनुगमन तथा मूल्याङ्कन (१०००००)<br>फर्निचर तथा कार्पेट व्यवस्थापन (१०००००)<br>वडा कार्यालय व्यवस्थापन (१०००००) | ३०००००।०० | |
| ६ | प्रधानमन्त्री रोजगार साझेदारी | फ्याङ्सुली समूह भवन मर्मत (९२०००)<br>वडाको सडक जाली, नाली र सोलिङ मर्मत (३८०००) | १३००००।०० | |
| ७ | प्रधानमन्त्री रोजागर साझेदारी | विपद व्यवस्थापन | ४०००००।०० | वडा नं २ |
| ८ | आधारभुत स्वास्त्य केन्द्र लैकुघाटको भवन घेराबेरा सामाग्री खरिद | आधारभुत स्वास्थ्य केन्द्र लैकुघाटको भवन घेराबेरा निर्माण (प्र.रो.का.सा.) | २०००००।०० | |
| ९ | महिला तथा आदिवासी लक्षित कार्यक्रम | महिला समूहलाई सामाग्री खरिद | १०००००।०० | |
| १० | श्री अन्नपूर्ण जाल्पा टेकानपुर विद्यालय मर्मत (प्र.रो.का.सा.) | श्री जल्पा टेकानपुर विद्यालय मर्मत (प्र.रो.का.सा.) | ५००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | दाप्सा सडक निर्माण तेल खरिद | दाप्सा सडक निर्माण तथा तेल खरिद | ५०००००।०० | |
| १२ | वडा कार्यालय फर्निचर व्यवस्थापन (प्र.रो.का.सा.) | वडा कार्यालय फर्निचर व्यवस्थापन | ३०००००।०० | |
| १३ | फलफूल विरुवा वितरण | वडा भित्रका शाखा सडक मर्मत | १५००००।०० | |
| १४ | बजार व्यवस्थापन | महेन्द्र मा.वि. बाराहा SEE तयारी कक्षा सञ्चालन अनुदान | १००००।०० | |
| १५ | खानेपानी तथा सिंचाई पाइप खरिद | वडा भित्रका शाखा सडक मर्मत | १०००००।०० | |
| १६ | विपन्न एकल महिला, दलित तथा अन्य वर्ग समुदायलाई स्वास्थ्य वीमा कार्यक्रम | विपद व्यवस्थापन | २१००००।०० | |
| १७ | भाषा तथा संस्कृति संरक्षण | | ३००००।०० | |
| १८ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी (११३००००) | शाखा सडक मर्मत (२०००००) साझेदारीमा सडक सोलिङ्ग गर्न (२०००००) | ४०००००।०० | |
| १९ | आरान व्यवस्थापन तथा सामाग्री खरिद | महेन्द्र मा.वि. SEE तयारी कक्षा सञ्चालन अनुदान | ५००००।०० | |
| २० | आ.वि. १-८ श्रीवानी विद्यालय शैक्षिक सुधार कार्यक्रम | तमारो रातमाटे आ.वि १-८ सिर्वानी विद्यालय अणुदान | १५०००० | |
| २१ | विरेन्द्रज्योगी आ.वि. १-८ पिप्ले विद्यालय शैक्षिक सुधार कार्यक्रम | विरेन्द्रज्योगी आ.वि. १-८ पिप्ले विद्यालय अनुदान | १५०००० | वडा नं. ३ |
| २२ | मा.वि. १-१० बाराहा विद्यालय सुधार कार्यकिरम | मा.वि. १-१० बाराहा विद्यालय अनुदान | १५००००।०० | |
| २३ | अन्नपुर्ण आ.वि. १-५ बाजगरा वालमैत्री कक्षा सञ्चालन तथा व्यवस्थापन | अन्नपुर्ण आ.वि. १-५ बाजगरा वालमैत्री कक्षा सञ्चालन तथा व्यवस्थापन अनुदान | ७५००००।०० | |
| २४ | ढाडे सडक निर्माण तेल खरिद | ढाडे सडक निर्माण तथा तेल खरिद | ५०००००।०० | |
| २५ | ठुलो पाप्रे सडक निर्माण तेल खरिद | ठुलो पाप्रे सडक निर्माण तथा तेल खरिद | २०००००।०० | |
| २६ | कार्यालय व्यवस्थापन तथा गाउँघर क्लिनिक फर्निचर व्यवस्थापन | कार्यालय व्यवस्थापन | ७००००।०० | |
| २७ | श्री विरेन्दज्योती आ.वि. बाराहा विउँ पुँजी | विद्यालय अनुदान | २५००००।०० | |
| २८ | श्री आ.वि. तमारो रातमाटे सिर्वानी बाराहा विउँ पुँजी | विद्यालय अनुदान | २५०००० | |
| २९ | १, २, ३ को तेल खरिद | निसिन्टार अस्पताल सडक निर्माण तथा वडा शाखा सडक मर्मत | ४६००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३० | महाकाली आ.वि. छाताङ ट्रष्ट भवन पार्टेशन | महाकाली आ.वि. भवन निर्माण | ३०००००।०० | वडा नं ४ |
| ३१ | सवै टोल विकास संस्था प्रोत्साहन (१६५०००) | नव निर्मित वडा भवनको लागी खानेपानी व्यवस्थापन | १५०००० | |
| ३२ | विविध (३००००) | दैनिक भ्रमण भत्ता (प्राविधिक) | ४५०००।०० (सवै टोल विकास संस्था प्रोत्साहनबाट १५ हजार तानिएको) | |
| ३३ | एकादशी हुतिल्मा सडक निर्माण क्रमागत | बाजागाउँ देखि माझगाउँ सडकको स्तरउन्नती (२०००००)<br>थर्पुलिङ लाकु चनौट सडक स्तरोन्नती (४०००००) | ६०००००।०० | |
| ३४ | अध्यक्ष स्वास्थ्य वीमा | विपद व्यवस्थापन | ९१०००।०० | |
| ३५ | वालडाँडा चौतारी सडक निर्माण | विपद व्यवस्थापन | २०००००।०० | वडा नं ५ |
| ३६ | महेन्द्र आ.वि. फर्निचर खरिद | महिन्द्र आ.वि. फिल्ड मर्मत | ५००००।०० | |
| ३७ | स्वास्थ्य वीमा दलित अपाङ्ग | विपद व्यवस्थापन | १०००००।०० | |
| ३८ | कृषि तथा पशु औषधी विषादी खरिद | कृषि विषादी खरिद (५५०००)<br>पशु औषधी तथा फ्रिज खरिद (९५०००) | १५००००।०० | |
| ३९ | गत आ.व. ०८०-०८१ श्री उ.मा.वि. जाँते विउँ पुँजी | उ.मा.वि. जाँते विद्यालय अनुदान | ३०००००।०० | |
| ४० | श्री पञ्चकन्या आ.व. मिनासिका विउँ पुँजी | श्री पञ्चकन्या आ.व. मिनासिका विद्यालय अनुदान | १५००००।०० | |

ख. शाखाहरुको: शाखाहरुको तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिल:

| सि.नं | हालको शिर्षक | परिवर्ति शिर्षक | बजेट | कै. |
|---|---|---|---|---|
| १ | बाँसमा आधारित उद्यशिलता विकास तालिम | उद्यमशिलता विकास तालिम | १००००० | उद्यम विकास शाखा |
| २ | होमस्टे सञ्चालनलाई होमस्टे व्यवस्थापन तालिम (१०००००) | होटल तथा होमस्टे सञ्चालनलाई होमस्टे तथा होटल व्यवस्थापन तथा सफा र स्वच्छ भान्साघरको तालिम | ३०००००।०० | |
| ३ | सफा र स्वाच्छ भान्सा घर तालिम (२०००००) | | | |
| ४ | होमस्टे सञ्चालकहरुलाई व्यवसाय प्रोत्सान अनुदान (६०००००) | एभरेष्ट भ्यू टप लिफ्ट खानेपानी योजना (६००००) | २८५०००।०० | |
| ५ | भ्लगर प्रतिस्पर्धा (२२५०००) | | | |
| ६ | होमस्टे सञ्चालकहरुलाई व्यवसाय प्रोत्सान अनुदान (६०००००) | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन | २०००००।०० | शिक्षा शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | SEE परीक्षाको लागि close camp मा विद्यालयलाई ग्यांस र चुलो वितरण | ४००००।०० | |
| ९ | लिम्चुङबुङ पर्यटन डकुमेन्ट्री प्रतिस्पर्धा पुरस्कार National TV (५०००००) | Nast साझेदारी र सहकार्यमा तालिम सञ्चालन कार्यक्रम | ४३००००।०० | |
| | | शिक्षमा सीप पाठ्यक्रम तयारी र छपाई (७००००) | ३७००००।०० | |
| १० | होमस्टे सञ्चालकरुलाई | शिक्षामा सीप पाठ्यक्रम तयारी र छपाई (३०००००) | | |
| ११ | सर्जिकल तथा अन्य सामाग्री खरिद (४०००००) | SBA तालिम तथा अनुगमन | २५०००० | स्वास्थ्य |
| | | ईम्प्लान्ट तालिम व्यवस्थापन अनुगमन | १५०००० | |
| १२ | ग्रिन लिम्चुङबुङको लागि माटो विज्ञ र विरुवा Hire | सामुदायिक विउँ वैंक स्थापना | १०००००।०० थप | कृषि तथा पशुपन्छी |
| १३ | पशु कृत्रिम गर्वधाण | पशुपन्छी सचेतना तथा स्वास्थ्य घुम्ती शिविर | ५००००।०० थप | |
| १४ | महिला समिति विउँ पुँजी (१५००००) | महिला विकास समिति सम्बन्धी विविध कार्यक्रम | २००००० | महिला विकास शाखा |
| १५ | महिला विकास समिति गठन (५००००) | | | |
| १६ | वालक्लव सदस्यहरुको क्षमता विकास तालिम | ज्यष्ठ नागरिक सम्मान कार्यक्रम | ७५०००० थप | |
| | | वालकल्व सदस्यहरुको क्षमता विकास तालिम | १७५०००।०० बाँकि रहेको | |
| १७ | सीप विकास तालिम (४०००००) | महिला जनप्रतिनिधी तथा महिला समिति सदस्यलाई महिला समूहहरुले गरेका राम्रा अभ्यास सम्बन्धी अवलोकन भ्रमण कार्यक्रम (५००००) | २५००००।०० | |
| १८ | विद्युतीय अपराध तथा आत्माहत्या कारण पहिचान तथा न्युनिकरण सम्बन्धी सरोकारवालहरुसंग सचेतना कार्यक्रम (१२५०००) | महिला जनप्रतिनिधी तथा महिला समिति सदस्यलाई महिला समूहहरुले गरेका राम्रा अभ्यास सम्बन्धी अवलोकन भ्रमण कार्यक्रम | | |
| १९ | महिला जनप्रतिनिधी तथा महिला समिति सदस्यहरुको नेतृत्व तथा क्षमता विकास तालिम (२५००००) | महिला जनप्रतिनिधी तथा महिला समिति सदस्यहरुको नेतृत्व तथा क्षमता विकास तालिम | १७५००० | |

ग. पालिकाकोः पालिका अन्तर्गतको तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

| सि.नं | हालको शिर्षक | परिवर्ति शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | MTEF सम्बन्धी कार्यशाला गोष्ठी | सार्वजनिक प्रशासन सम्बन्धी विविध क्षमता विकास तालिम | ५००००० | शुसासन तथा संस्थागत विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| २ | गत आवको पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | कर्मचारी आवास मर्मत | २५००००।०० | |

घ. विपद व्यवस्थापनः विपद व्यवस्थापन शिर्षकमा तपसिलको शिर्षकबाट थपिएको छ । तपसिलः

| सि.नं | हालको शिर्षक | परिवर्ति शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन खरिद/मर्मत खर्च पुँजीगत | विपद व्यवस्थापन | ७९००००।०० | थप |
| २ | स्वयं शिक्षक तलब भत्ता | विद्यालय शिक्षा अनुदान | ६०५००००।०० | परिवर्तन |
| ३ | रुप्ला-तिर्ला-भाकर्थुम-मार्से-ताम्लिछा सडक निर्माण (वडा नं ५-४-२) गर्न तेल खरिद (१५०००००) | गोडेली चनौटे सडक निर्माण | ५०००००।०० | |
| | | क्या. पर्शुराम मार्ग डाँडाटोल भन्ज्याङ्ग ग्याबियन वाल निर्माण | ४०००००।०० | |
| | | कुनाही-बतसे-ठाँटी सडक मर्मत | ६०००००।०० | |

३. यस लिम्चुङबुङ गाउँपालिकाको लिम्चुङबुङ सार्वजनिक बस सेवा, एक्साभेटर, बोलेरो तथा अन्य सवारीसाधनहरुको व्यवस्थापन परिचारलन गर्नको लागि यातायात व्यवस्थापन शाखा स्थापना गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

४. यस लिम्चुङबुङ गाउँपालिकाको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास र सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार समेत तयार गर्न स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) को च बमोजिम प्रारम्भिक एकिकृत नतिजा उपर सूचकगत छलफल र विश्लेषणको लागि प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत नतिजा उपर छलफल गरि कार्यविधिको उपदफा (ज) बमोजिम अनुमोदन गरि प्राप्त गरिएको एकिकृत नतिजाको योगफल ८९.५ लाई सर्वसाधरणको जानकारिको लागि नतिजा प्रकाशन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

५. यस लिम्चुङबुङ गाउँपालिकाको सार्वजनिक सम्पतिहरुको सुरक्षा, विपदलाई सिघ्र प्रतिकार्य गर्नको लागि कार्यविधि पास गरी आगामी आ.व. देखि लागु हुने गरी ४ जना गाउँ प्रहरी नियुक्ति गर्ने भनि बहुमतका साथ निर्णय गरियो ।

६. यस लिम्चुङबुङ गाउँपालिकाको तपसिलको कर्मचारीहरुलाई उल्लेखित जिम्मेवारी दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिलः

| सि.नं | कर्मचारीको नाम | दिईएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | गोबिन्द कार्की | अपाङ्गता परिचयपत्र प्रमाणिकरण गर्ने | |

| | | | |
|---|---|---|---|
| २ | निर बहादुर राई | उपाध्यक्षज्यूको सचिवालय | |
| ३ | जित नारायण यादव | २ नं वडा सचिव | |

७. यस लिम्चुङबुङ गाउँपालिकाकाले तपसिल बमोजिम निर्देशिका, कार्यविधिहरु संशोधन, पास गरने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिलः

| सि.नं | निर्देशिका, कार्यविधि | कैफियत |
|---|---|---|
| १ | लिम्चुङबुङ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ | पास |
| २ | लिम्चुङबुङ गाउँपालिकाको कृतृम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | पास |
| ३ | लिम्चुङबुङ गाउँपालिकाको पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०८१ | पास |
| ४ | लिम्चुङबुङ गाउँपालिकाको शैक्षिक गुणस्तर कार्यसम्पादन निर्देशिका, २०८१ | पास |
| ५ | लिम्चुङबुङ गाउँपालिकाको शिक्षा नियमावली, २०८१ | संशोधन |
| ६ | लिम्चुङबुङ गाउँपालिकाको ज्ञान र सीपको उज्यालो पाईलाहरु निर्देशिका, २०८१ | पास |
| ७ | विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८१ | पास |

८. प्रदेश सरकार प्रदेश योजना आयोग कोशी प्रदेश विराटनगरको मिति २०८१/१०/२४ गतेको च.नं २२८ सहितको प्रदेशस्तरीय आयोजना माग सम्बन्धी प्राप्त पत्रानुसार तपसिलको योजना माग गरी पठाउने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिलः

| सि.नं | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | लिम्चुङबङ गाउँपालिका र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान बिच लिम्चुङबुङमा पर्यटन पूर्वाधार विकास | पर्यटन मन्त्रालय |
| २ | फोक्सिन्टार-कुनाही-घुर्मी सडक | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ३ | मुर्कुची-माझखर्क-लिम्चुङबुङ-हलेसी सडक | |

९. यस लिम्चुङबुङ गाउँपालिकालाई पर्यटन विकासबाट आर्थिक विकास गर्ने गाउँपालिकाको लक्ष्य अनुसार पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आगामी २०८२ सालको वैशाख १ गते देखि यस गाउँपालिका अन्तर्गतका जनप्रतिनिधी र कार्यरत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुले हप्तामा कम्तिमा २ पटक आ-आफ्नो जातिय भेषभुषा अनिवार्य लगाएर कार्यालयबाट सेवा उपलब्ध गराउने त अर्को चरणमा शिक्षकहरुलाई समेत समावेश गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

१०.सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/१०/१६ गतेको सङ्घीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्तिक वर्ष २०८२/०८३ मा सञ्चालन  गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी प्रकाशित सूचना अनुसार यस लिम्चुङबुङ गाउँपालिकाले तपसिलको योजना माग गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिलः

| सि.नं | योजना/कार्यक्रमको नाम | प्रकार |
|---|---|---|
| १ | रौतामाई १ माझखर्क-लिम्चुङबुङ ३ बाराहा सडक निर्माण | समपुरक अनुदान |
| २ | रैथाने वाली संरक्षण | विशेष अनुदान |
| ३ | आधारभुत स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामाग्री खरिद | विशेष अनुदान |

११.यस लिम्चुङबुङ गाउँपालिकाको नाम परिवर्तन गरेको दिन फागुन १४ गतेको दिन सम्पुर्ण विद्यालयहरुलाई विदा दिई उत्सवको रुपमा मनाउँन शिक्षक, कर्मचारीहरु र जनप्रतिनिधिहरुलाई अनिवार्य उपस्थिति गराउने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

१२.यस लिम्चुङबुङ गाउँपालिकाले गत आ.व. मा आह्वान गरेको अस्पताल भवन निर्माण गर्न ठेक्का आह्वान गरेको ठेक्काको म्याद सकिएको हुँदा निर्माण कम्पनीको निवेदन अनुसार मिति २०८२ साल असार २० गते सम्मको लागि म्याद थप गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

१३.यस लिम्चुङबुङ गाउँपालिका र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसंग गरेको पर्यटन पूर्वाधारको MOU लाई अनुमोदन गर्ने भनि निर्णय गरियो ।

१४.यस लिम्चुङबुङ गाउँपालिकामा लिम्चुङबुङ सांस्कृतिक प्रतिष्ठान गठन गर्ने र कार्यविधि र पदाधिकारी चयन गर्ने भनि निर्णय गरियो ।

१५.यस लिम्चुङबुङ गाउँपालिकामा प्रदेश सरकारद्वारा निर्माण भईरहेको लिम्चुङबुङ सभाहल भित्र निर्माण हुने सिंडिको डिजाईन परिवर्तन गरी बहुउपयोगी हुने गरी निर्माणको लागि शहरी बिकास तथा भवन कार्यालय,विराटनगर अनुरोध गर्ने भनि निर्णय गरियो ।

१६.यस लिम्चुङबुङ गाउँपालिकालाई नमुना गाउँपालिका निर्माणको निम्ति टोल विकासहरुसंग आयातित मदिरा, पेय पदार्थ नियन्त्रण, विपद व्यवस्थापन तथा विद्यालय शिक्षा सुधार सम्बन्धी शिक्षा शाखा प्रमुख , स्वास्थ्य शाखा प्रमुख सहित उपाध्यक्षज्यूको संयोजकत्वमा १ नं वडाबाट प्रत्येक टोल विकासमा वडा अध्यक्षज्यूहरु लगायत अन्य जनप्रतिनिधिहरु सहित अन्तर्कृया र अभियान सञ्चालन गर्ने भनि निर्णय गरियो ।

१७.यस लिम्चुङबुङ गाउँपालिकालाई ग्रामिण कृषि अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने निर्णय गरियो ।

१८.यस लिम्चुङबुङ गाउँपालिका उदयपुर र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान सातदोबाटो ललितपुर बीच शिक्षा स्वास्थ्य कृषि पशुपालन जलवायु परिवर्तन तथा सूचना प्रविधि र विविध नवप्रवर्तनात्मक क्षेत्रमा दीर्घकालीन रुपमा साझेदारी सहकार्य गरी विभिन्न कार्यक्रम आयोजना सञ्चालन गर्न यस पालिकाले नास्टसँग MOU गर्ने निर्णय गरियो ।

१९. मुर्कुची लिम्चुङबुङ हलेसी पर्यटन पक्की सडक निर्माणको लागि कोशी प्रदेश सरकारले संघीय सरकारबाट पाउने समपुरक अनुदान बजेटबाट बन्ने गरि प्रदेश सरकार समक्ष योजना माग गर्ने निर्णय गरियो ।

२०.लिम्चुङबुङ गाउँपालिका उदयपुर र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान सातदोबाटो ललितपुर बीच समन्वय सहकार्य गरी साझेदारीमा कार्य गर्न नास्टबाट सञ्चालन हुने कोडिङ, स्याटेलाइट, क्लाइमेट चेन्ज, सोलार सिस्टम पम्पिङ irrigation and AI ICT सम्बन्धीतालिम र विभिन्न जैविक प्रविधि र शैक्षिक नवप्रवर्तनात्मक प्रदर्शनीको कार्यक्रम माग गर्ने निर्णय गरियो र साझेदारी समझदारी तथा सहकार्यको लागि गाउँपालिका अध्यक्ष श्री मेजर कुमार राई लाई जिम्मेवारी दिई पठाउने निर्णय समेत गरियो ।

२१.बाघखोर-लिम्चुङबुङ-हलेसी पदमार्ग निर्माण गर्न योजना समावेश र बजेट सुनिश्चितताको लागि कोशी प्रदेश सरकार बन पर्यटन मन्त्रालयलाई छिमेकी स्थानीय तहहरुसंग सामूहिक माग प्रदेश सरकारसंग पेश गर्ने भनि निर्णय गरियो ।

२२.यस गाउँपालिका र नेपाल हस्तकला महासंघसंघ बिच कपास खेति र खाँडी उद्योग स्थापनाको लागि MOU गर्ने भनि निर्णय गरियो ।

२३.यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं १ वडा अध्यक्ष श्री जनदिप थापा मगर र वडा नं ३ को वडा अध्यक्ष श्री गुरुमणी कुमाईज्यूको प्रस्तावमा कामकाजको दोस्रो भाषा चाम्लिङ भाषालाई प्रयोगमा ल्याउने भनि निर्णय गरियो ।

२४.यस लिम्चुङबुङ गाउँपालिकाको प्रवक्ता पदमा पद रिक्त रहेको हुँदा यस लिम्चुङबुङ गाउँपालिका वडा नं ३ को वडा अध्यक्षलाई नियुक्ति गर्ने भनि निर्णय गरियो ।

२५.यस प्रस्ताव माथि तपसिल बमोजिम निर्णय गरियो ।

क. यस लिम्चुङबुङ गाउँपालिकाको पहिचान सहितको व्याज बनाउने भनि निर्णय गरियो ।

ख. आज मिति २०८१/११/१ गतेको कार्यपालिका वैठकको निर्णयलाई सभामा अनुमोदनको लागि पेश गर्ने भनि निर्णय गरियो ।